लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बर्दिया

## डिभिजन वन कार्यालय,बर्दियाको प्रस्ताव पेश गर्ने बारेको सुचना

(प्रथम पटक प्रकाशित मिति २०७९/१०/११)

यस कार्यालयको चालु आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार एक सामुदायकि वन, एक उद्यम क्रियाकलापको लागि रु ५ लाख बजेट विनियोजन भएको र यसबाट प्रस्तावनाको आधारमा एक भन्दा बढी बर्दिया जिल्ला भित्रका उद्यमलाई कुल लागतको ७५% सम्म अनुदान उपलब्ध गराउन सकिने हुँदा स्वीकृत कार्यसूची (TOR) मा उल्लेखित शर्त बमोजिम योग्यता पुगेका र नियमानुसार दर्ता भएका ईच्छुक सामुदायिक वन उपभोक्ता समूह, सहकारी संस्था तथा विधिवत दर्ता भएका मान्यता प्राप्त संघ संस्था र समूहबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिनभित्र तोकिएको ढाचाँमा प्रस्ताव पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ । कार्यसूची र अन्य विस्तृत जानकारी यस कार्यालयको वेभसाईट wwwdfobardiya.gov.np.बाट प्राप्त गर्न सकिनेछ ।

शर्तहरुः

- स्वीकृत वजेट रु ५ लाख (कन्टेन्जेन्सी समेत को अधिन र सिमाभित्र रही प्राप्त प्रस्तावनाहरुको उपयुक्तता र क्षमताको आधारमा एक भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहलाई कुल लागतको ७५% सम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।
- प्रस्तावना तोकिए कमोजिमको ढाँचामा हुनुपर्नेछ र साथैमा रु १० को टिकट टाँसी आवेदन, समूह दर्ता प्रमाणपत्र स्थायी लेखा नं. दर्ता प्रमाण पत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र, संस्थाको नविकरण साथै व्यवस्थित योजना सहितको विस्तृत लागत अनुमान पेश गर्नुपर्नेछ । उपरोक्त बमोजिम रित नपुगेका प्रस्तावनाहरु उपर कुनै कार्वाही गरिने छैन । पेश हुन आएका प्रास्तावहरु मध्ये प्रारम्भिक छनौटबाट सफल भएका प्रस्तावदाताहरु मात्र यस कार्यालयबाट सूचना दिईनेछ ।
- अन्य निकायबाट एउटै प्रयोजनको उद्यममा अनुदान प्राप्त गरेका समूहलाई सोही प्रयोजनको लागि पुनः अनुदान उपलब्ध गराईने छैन ।
- कार्यसूची (TOR) र प्रस्तावनाको ढाँचा यस कार्यालयको वेभसाईट wwwdfobardiya.gov.np. बाट प्राप्त गर्न सकिनेछ र सोही ढाँचामा तोकिएको मापदण्ड भित्र रही प्रस्ताव पशे गर्नुपर्नेछ । साथै ईमेल मार्फत प्रस्ताव पेश गर्नुपर्ने भएमा सम्वन्धित समूह/सहकारी संघसंस्थाले dfobardiya@gamil.com मा कागजातहरु संलग्न गरी पठाउन सकिनेछ ।

  थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

डिभिजनल वन अधिकृत